लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# प्रदेश पत्रकारिता अध्ययन छात्रवृत्ति कार्यविधि, २०८२

प्रस्तावना: स्वीकृत मिति: २०८२।०८।३०

लुम्बिनी प्रदेशभित्रका विद्यार्थीलाई प्रोत्साहन स्वरूप छात्रवृत्ति उपलब्ध गराउने उद्देश्यले स्वीकृत वार्षिक बजेटमा समावेश भएको पत्रकारिता विषयमा अध्ययन गर्ने छात्रछात्रहरूलाई छात्रवृत्ति (महिला, आदिवासी-जनजाति, दलित, मधेसी, मुस्लिम, अपाङ्ग, अल्पसङ्ख्यक) उपलब्ध गराउने कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक भएकाले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेश पत्रकारिता अध्ययन छात्रवृत्ति कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "छात्रवृत्ति" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ।

(ख) "छनोट समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्झनुपर्छ।

(घ) "विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट मान्यता प्राप्त भएका गैर नाफामूलक रूपमा अध्यापन गराउने प्रदेशभित्रको सामुदायिक वा सरकारी विद्यालय वा क्याम्पस सम्झनुपर्छ र सो शब्दले विश्वविद्यालय समेतलाई जनाउँछ।

३. छात्रवृत्तिको प्रक्रियाः (१) यस कार्यविधि बमोजिमको छात्रवृत्तिको लागि आवेदन आह्वान गर्न मन्त्रालयले आफ्नो वेबसाइट तथा राष्ट्रिय दैनिक पत्रिकामा तिस दिने सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपश्चात् विद्यार्थीले आफू अध्ययनरत विद्यालयमा अनुसूची-१ बमोजिमको ढाँचा र कागजात संलग्न गरी आवेदन दिनुपर्नेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(३) उपदफा (२) बमोजिम आवेदन सङ्कलन भएपश्चात सम्बन्धित विद्यालयले सङ्कलित निवेदन, कागजात र विद्यालयको सिफारिस सूचनाको म्याद समाप्त भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ र उक्त म्यादभित्र प्राप्त भएका आवेदनहरूलाई मात्र छनोट समितिसमक्ष पेस गरिनेछ।

४. <u>छनोट समितिः</u> (१) यस कार्यविधि बमोजिम प्राप्त निवेदन तथा कागजातहरूलाई अध्ययन तथा रुजु गरी छात्रवृत्तिको लागि छनोट गर्न देहाय बमोजिमका सदस्यहरू रहने गरी एक छनोट समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | महाशाखा (सञ्चार हेर्ने) प्रमुख/अन्य महाशाखा प्रमुख, मन्त्रालय | -संयोजक |
| (ख) | कानुन अधिकृत (राजपत्र सम्पादन तथा प्रकाशन), मन्त्रालय | -सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ङ) | शाखा प्रमुख, सञ्चार शाखा | -सदस्य-सचिव |

(२) समितिले आफ्नो कार्यको सहजीकरणको लागि सम्बन्धित विषय वा क्षेत्रका व्यक्तिलाई आमन्त्रण गरी कार्य सम्पादन गर्न सक्नेछ।

(३) समितिका सदस्यले कार्यालय समय अघि वा पछि कार्य सम्पादन गर्दा प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिमको मापदण्ड पालना गर्नुपर्नेछ।

५. <u>छनोट समितिको काम, कर्तव्य र अधिकारः</u> (१) छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत बजेटको परिधिभित्र रही प्रति विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति कोटा निर्धारण गर्ने,

(ख) प्राप्त निवेदन तथा संलग्न कागजातहरूको जाँचबुझ गरी छात्रवृत्तिको लागि छनोट गर्ने,

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ग) छात्रवृत्ति वितरण प्रक्रियामा कुनै बाधा उत्पन्न भएमा कार्यविधि र सर्वोत्तम हितका आधारमा समाधान गर्ने,

(घ) छात्रवृत्ति वितरण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गर्न लगाउने।

६. छात्रवृत्ति प्रदान गर्ने सर्तः समितिले यस कार्यविधि बमोजिम छात्रवृत्तिको लागि छनोट गर्दा देहाय बमोजिमको सर्तहरू पूरा गर्नुपर्नेछः-

(क) लुम्बिनी प्रदेशभित्रको विद्यालयमा पत्रकारिता लिई कक्षा १० जोड २ (११ र १२) स्नातक वा स्नातकोत्तर तहमा अध्ययन गरेको हुनुपर्ने,

(ख) जुन तहमा हाल अध्ययन गरिरहेको हो सो तहको वर्ष (Year level/ Semester level) का लागि मात्र छात्रवृत्ति प्रदान गरिने,

(ग) छात्रवृत्ति प्राप्त गर्नको लागि जुन तहको अध्ययनको छात्रवृत्तिको लागि आवेदन दिएको हो सोभन्दा एक तहमुनिको पढाइ (Year level /Semester) अनिवार्य उत्तीर्ण भएको हुनु पर्ने,

(घ) जुन तहको अध्ययनको छात्रवृत्तिको लागि आवेदन दिएको हो सो तहमा अध्ययनरत विद्यालय वा अन्य निकाय/संस्थाबाट छात्रवृत्ति नलिएको हुनुपर्ने (विद्यालयको हकमा विद्यालयबाट छात्रवृत्ति नलिएको सिफारिस र अन्यको हकमा स्वघोषणा गर्नुपर्ने),

(ङ) अनुसूची-२ बमोजिमको कबुलियतनामा गरेको हुनुपर्ने।

७. छात्रवृत्ति रकम, निकासा र प्रक्रियाः (१) यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्तिको रकमको सीमा देहाय बमोजिम हुनेछः-

| क्र.सं. | उत्तीर्ण तह | प्राप्ताङ्क श्रेणीमा | प्राप्त गर्ने रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | ११ र १२ कक्षा | प्रथम | २० (बिस) |
| | | द्वितीय | १८ (अठार) |

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | | | |
|---|---|---|---|
| | | तृतीय | १५ (पन्ध्र) |
| २ | स्नातक तह | प्रथम | २५ (पच्चिस) |
| | | द्वितीय | २२ (बाइस) |
| | | तृतीय | २० (बिस) |
| ३ | स्नातकोत्तर | प्रथम | ३० (तिस) |
| | | द्वितीय | २८ (अट्ठाइस) |
| | | तृतीय | २५ (पच्चिस) |

(२) छात्रवृत्तिको लागि छनोट भएका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति बापतको रकम मन्त्रालयले सम्बन्धित विद्यार्थीले निवेदन साथ पेस गरेको बैंक खातामा जम्मा गर्नेछ।

८. <u>विवरण पठाउनु पर्नेः</u> (१) विद्यार्थीले दिएको सङ्कलित आवेदन सम्बन्धित विद्यालयले यस कार्यविधिमा उल्लिखित सर्त पूरा गरी तोकेको समयभित्र मन्त्रालयमा पठाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त नभएमा वा नपठाएमा मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

९. <u>सरकारी बाँकी सरह असुलउपर गरिनेः</u> छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले यस कार्यविधिमा तोकिएको सर्त विपरीत कार्य गरेमा वा अध्ययन बिचैमा छाडेमा निजलाई प्रदान गरिएको छात्रवृत्ति रकम मन्त्रालयले सरकारी बाँकी सरह असुलउपर गर्नेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका, नेपाल

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**छात्रवृत्ति आवेदन फाराम**

श्री छनोट समिति,
आन्तरिक मामिला तथा कानुन मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः छात्रवृत्ति सम्बन्धमा।

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) को मिति................ को सूचना बमोजिम पत्रकारिता विषय अध्ययनको लागि प्रदान गरिने छात्रवृत्ति उपलब्ध गराई पाउन मेरो व्यक्तिगत, संस्थागत र अन्य विवरण तपसिलमा खुलाई यो निवेदन पेस गरेको छु।

१. व्यक्तिगत विवरणः

(क) नामः (ख) ठेगानाः

(ग) आमा/बुबाको नामः

(घ) विद्यालयको नामः

(ङ) विद्यालयको प्रकारः सामुदायिक ☐ सरकारी ☐

(च) अध्ययन गरिरहेको तह र संकायः

(छ) छात्रवृत्ति माग गरेको तहः जस्तैः स्नातक दोस्रो वर्ष

(ज़) छात्रवृत्ति लिए नलिएकोः (स्वघोषणा गर्ने)

२. शैक्षिक विवरण

| क्र.सं. | अध्ययन गरेको शैक्षिक संस्था | विषय | उत्तीर्ण साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

३. अध्ययन लागत

(क) अध्ययन गर्न चाहेको क्याम्पसको वार्षिक कुल पढाइ शुल्क (भर्ना, मासिक, प्रयोगात्मक):

४. माथि उल्लेख गरेको व्यहोरा ठिक/साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

आवेदक
नामः
ठेगानाः
दस्तखतः

मा. आदेश कुमार अग्रवाल
मन्त्री

(लुम्बिनी) प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

नोटः आवेदनसाथ पेस गर्नुपर्ने कागजात

१. नागरिकताको प्रतिलिपि,
२. योग्यता प्रमाणित हुने सिफारिस पत्र/प्रमाणपत्र,
३. शैक्षिक योग्यताको प्रमाणपत्र,
४. आदिवासी/जनजाति, दलित, मधेसी, थारू, मुस्लिम, अल्पसङ्ख्यक सम्वन्धमा सम्बन्धित निकायबाट जारी भएको सिफारिस पत्र।

इति संवत् २०८२ साल ................. महिना .............. गते रोज ........... शुभम्................

मा. आदेश कुमार अग्रवाल
मन्त्री

अनुसूची-२

(दफा ६ को खण्ड (ङ) सँग सम्बन्धित)

<u>कबुलियतनामा</u>

श्री .............................. को नाति/नातिनी श्री ............................... को छोरा/छोरी जिल्ला.................... गा.पा. / न.पा. / उ.म.न.पा./ म.न.पा. ........................... वडा. नं. .......... मा स्थायी बसोबास भएको हाल .....................................................क्याम्पसमा .........................................................विषयमा अध्ययनरत विद्यार्थी म श्री ..................................................... (नागरिकता नं. .........................) आन्तरिक मामिला तथा कानुन मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) बाट प्रदान गरिने पत्रकारिता विषयमा अध्ययन गर्ने छात्रछात्राहरूलाई छात्रवृत्तिमा छनौट भएकोले **प्रदेश पत्रकारिता अध्ययन छात्रवृत्ति कार्यविधि, २०८२** को सर्तहरूको पूर्ण पालना गर्नेछु। सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको रकम फिर्ता बुझाउनेछु। सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी मन्त्रालयमा बुझाए।

छात्रवृत्ति पाउनेको
दस्तखतः
नामः
सम्पर्क नं.:
इमेलः

इति संवत् २०८२ साल ................. महिना .............. गते रोज ........... शुभम्................

मा. आदेश कुमार अग्रवाल
मन्त्री